## आर्थिक बर्ष २०७५/०७६ को

# आर्थिक ऐन

परिवर्तन गाउँपालिका

रोल्पा जिल्ला

प्रदेश नं. ५

२०७५

# स्थानीय तहको आर्थिक ऐन
## परिवर्तन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको बिधेयक

सभाबाट स्वीकृत मिति :-२०७५/०३/२५

**प्रस्तावना :-**

परिवर्तन गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम परिवर्तन गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस ऐनको नाम "आर्थिक ऐन २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावन १ गतेदेखि परिवर्तन गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति कर :-**गाउँपालिका क्षेत्रभित्र  अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ। जसको लागी आवश्यक गृहकार्य यसै आ.व.देखि प्रारम्भ गरी नियमानुसार प्रकृया अगाडि बढाइनेछ ।

**३. भूमी कर (मालपोत):-**गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगको आधारमा अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असूल उपर गरिनेछ। एकीकृत सम्पत्ति कर लगाएको अवस्थामा भूमि कर लाग्नेछैन ।

**४. घर जग्गा बहाल कर :-**गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा सँस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

**५. ब्यवसाय कर :-**गाउँ पालिकाको क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा  अनुसूचि (४) बमोजिम यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :-**गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा सँस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेद गरिएको जीव जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको ब्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन कर :-**गाउँ पालिका क्षेत्रभित्र  दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइनेछ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

**८. विज्ञापन कर :-**गाउँ पालिका क्षेत्रभित्र हुने विज्ञानपनमा देहाय  अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

**९. मनोरञ्जन कर :-**गाउँपालिक क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

**१०. बहाल बिटौरी शुल्क :-** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट-बजार, पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ्ग शुल्क :–** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क :–**

गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेबापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ । व्यवसायीहरुको तथ्याङ्क सङ्कलन गरी शुल्क लगाउने प्रकृयालाई अगाडि बढाउनेछ ।

**१३. सेवा शुल्क र दस्तुर :–**

गाउँपालिकले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१४. पर्यटन प्रवेश शुल्क :–**

गाउँपालिकाको आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्धान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा , संग्राहालय जस्ता सम्पदा उपयोग गरे पवत पर्यटकहरुवाट अनुसूचि १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

**१५. कर छुट :–**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा सँस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइनेछैन ।

**१६. कर तथा शुल्क सङ्कलन सम्वन्धि कार्यविधि :–**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची (१)

| सि.नं. | करको क्षेत्र | दर |
|---|---|---|
| १. | एकिकृत सम्पती | एकिकृत सम्मत्ति कर कार्यविधि अनुसार हुने |

## अनुसूचि २

| सि.नं. | करको क्षेत्र | दर |
|---|---|---|
| १. | ५ रोपनी सम्मको जग्गामा | रु.३० |
| | ५ रोपनी भन्दा बढी प्रति थप रोपनी | रु.५ |

## अनुसूचि ३

| सि.नं. | करको क्षेत्र | दर |
|---|---|---|
| १. | घर,भवन, पसल, ग्यारेज,गोदाम,टहरा,जग्गा वा पोखरी पूरै वा आशिंक तवरले भाडामा दिएको ( सँस्था वा व्यक्ति) | सम्झौताको १० प्रतिशत |

## अनुसूचि ४

| सि.नं. | करको क्षेत्र | अधिकृत पूँजी | दर्ता दस्तुर(दर) | नविकरण दस्तुर |
|---|---|---|---|---|
| १. | पसल,मदिराजन्य व्यवसाय,उद्योग,प्राईभेट फर्म, कम्पनी, लगायत सम्पूर्ण प्रकितिका कारोवारहरु | ✓ रु.१ लाख सम्म | रु.१,००० | रु.६०० |
| | | ✓ रु.१ लाख १देखि ३ लाख सम्म | रु.३,००० | रु.१,००० |
| | | ✓ रु.३ लाख १देखि ५ लाख सम्म | रु.६,००० | रु.१,६०० |
| | | ✓ रु. ५ लाख१ देखि २० लाख सम्म | रु.१२,००० | रु.३,००० |
| | | ✓ रु. २० लाख१ देखि १ करोड सम्म | रु.२०,००० | रु.५,००० |
| | | ✓ रु.१ करोड १देखि ५ करोड सम्म | रु.३०,००० | रु.८,००० |
| | | ✓ रु. ५ करोड १ देखि र सोभन्दा माथि | रु.५०,००० | रु.१५,००० |
| नोट उपरोक्त व्यवसाय दर्ता दस्तुर तथा नविकरण दस्तुर प्राईभेट फर्म सम्बन्धी मापदण्ड,२०७१ बमोजिम तय गरिएको छ । | | | | |

## अनुसूचि ५

| सि.नं. | करका क्षेत्र | दर |
|---|---|---|
| १. | मृत वा मारिएका जीवजन्तुको हाड,सिङ,प्वाँख,छाला | ✓ साना गाडी प्रति पटक रु.१००० <br> ✓ ठूला गाडी प्रति पटक रु. २००० |

## अनुसूचि ६

| सि.नं. | करका क्षेत्र | दर |
|---|---|---|
| १. | प्रदेश सरकारले निर्धारण गरेको क्षेत्र बाहेकका सवारी साधनको क्षेत्र एकिन गरी करको दर निर्धारण गर्ने। | |

## अनुसूचि ७

| सि.नं. | करका क्षेत्र | दर |
|---|---|---|
| १. | स्थानीय स्तरको उत्पादन/कार्यक्रमको विज्ञापन | रु.१५ प्रति वर्ग फिट |
| २. | राष्ट्रिय स्तरको विज्ञापन/कार्यक्रमको विज्ञापन | रु.५० प्रति वर्ग फिट |

## अनुसूचि ८

| सि.नं. | करका क्षेत्र | दर |
|---|---|---|
| १. | पर्व,मेला,महोत्सव,साँस्कृतिक कार्यक्रम | रु.५००० प्रति पटक |

## अनुसूचि ९

| सि.नं. | करका क्षेत्र | दर |
|---|---|---|
| १. | हाट बजार | रु.५००० प्रति पटक |
| २. | पसल | रु.२५०० |
| ३. | सरकारी जग्गा | रु.५००० |

## अनुसूचि १०

| सि.नं. | करका क्षेत्र | दर |
|---|---|---|
| १. | दुईपाङग्रे सवारी साधन | रु.५ प्रतिदिन |
| २. | ट्याक्सी | रु.१० प्रतिदिन |
| ३. | यात्रु वस | रु.२० प्रतिदिन |
| ४. | मालबाहब ठूला गाडि | रु. ५० प्रतिदिन |

## अनुसूचि ११

| सि.नं. | करका क्षेत्र | दर |
|---|---|---|
| १. | ट्रेकिङ | |

| | | |
|---|---|---|
| २. | कायोकिङ | |
| ३. | क्यानोइङ | |
| ४. | बन्जी जम्पिङ | |
| ५. | जिप फ्लायर | |
| ६. | र्याहफ्टिङ | |

**अनुसूचि १२**

| सि. नं. | सिफारिसको विवरण | आ.व.०७५/०७६ को सेवा शुल्क तथा सिफारिस दस्तुर रकम रु. |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १००/- |
| २ | नेपाली पुरुषसंग विवाह गर्ने विदेशि महिलाको नागरिकता सिफारिस | २००/- |
| ३ | नागरिकताको प्रतिलिपि सिफारिस | १०० /- |
| ४ | नागरिकताको संशोधन सिफारिस | १०० /- |
| ५ | नाता प्रमाणित (निवेदन दस्तुर सहित) | २००/- |
| ६ | विद्युत सिफारिस (लघु) | १०० /- |
| ७ | विद्युत सिफारिस (थ्रिफेज) | ५००/- |
| ८ | नाम संशोधन, नाम छुट तथा दुई नाम थर सिफारिस | १०० /- |
| ९ | जन्म मिति प्रमाणित | २००/- |
| १० | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | २००/- |
| ११ | नाम , थर जन्ममिति संसोधन सिफारिस | १०० /- |
| १२ | घरजग्गा नामसारी सिफारिस | २००/- |
| १३ | सम्बन्ध विच्छेद भएको सिफारिश | २००/- |
| १४ | जग्गा फुकुवा सिफारिस | २००/- |
| १५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ५००/- |
| १६ | हकवाला संरक्षण सिफारिस | २००/- |
| १७ | अविवाहित प्रमाणिकरण सिफारिस | ५००/- |

| | | |
|---|---|---|
| १८ | नक्कल प्रमाणित दस्तुर (मालपोत रसिद समेत ) | २००/- |
| १९ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति सिफारिस | ३००/- |
| २० | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २००/- |
| २१ | घर नक्सा नामसारी सिफारिस | २००/- |
| २२ | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | ५००/- |
| २३ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | २००/- |
| २४ | नीजि क्षेत्रका रुख कटान सिफारिस | २००/- |
| २५ | मिलापत्र दस्तुर | १,०००/- |
| २६ | नावालक परिचयपत्र सिफारिस | १०० /- |
| २७ | घटना दर्ता जन्म , मृत्यु , बसाइसराइ, बिबाह र सम्बन्ध बिच्छेद | १००/- |
| २८ | विभिन्न दलित, जनजाति तथा थर प्रमाणित | १०० /- |
| २९ | पारिवारिक विवरण | २००/- |
| ३० | खानेपानी सम्वन्धि सिफारिस | १०० /- |
| ३१ | उद्योग सिफारिस | ५००/- |
| ३२ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | १,५०० /- |
| ३३ | वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस | १,००० /- |
| ३४ | चारकिल्ला प्रमाणित | २००/- |
| ३५ | ग्रामीण क्षेत्रका घरबाटो सिफारिस | २००/- |
| ३६ | बजार क्षेत्रका घरबाटो सिफारिस | ३००/- |
| ३७ | संस्था दर्ता सिफारिस | ५००/- |
| ३८ | ब्यवसाय दर्ता सिफारिश | २००/- |
| ३९ | बिबाह प्रमाणिता | २००/- |
| ४० | आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारिस | ५००/- |

| | | |
|---|---|---|
| ४१ | आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस | २००/- |
| ४२ | घर बाटो प्रमाणित | ३००/- |
| ४३ | घर कायम सिफारिस | २००/- |
| ४४ | मन्जुरीनामा प्रमाणित सिफारिस | २००/- |
| ४५ | घर पातल प्रमाणित सिफारिस | २००/- |
| ४६ | हकवाला वा हकदार प्रमाणित | २००/- |
| ४७ | व्यसाय नविकरण | प्राईभेट फर्म सम्बन्धी मापदण्ड २०७१ अनुसार |
| ४८ | नया व्यवसाय दर्ता | प्राईभेट फर्म सम्बन्धी मापदण्ड २०७१ अनुसार |
| ४९ | नक्सा पास पक्की प्रति तला सिफारिस | २,०००/- |
| ५० | वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस प्रमाणितमा | ५००/- |
| ५१ | सम्पत्ति एवं धितो मुल्याङ्कन सिफारिस | प्रति लाखको ०.२५प्रतिशत |
| ५२ | वार्षिक आय प्रमाणित सिफारिस | प्रति लाख १ सय प्रति वर्ष |
| ५३ | मदिरा व्यवसाय दर्ता सिफारिस | ५,०००/- |
| ५४ | सभाहल भाडा (गा.पा. र वडाको) | १,००० प्रतिदिन |
| ५५ | ईन्टर्नशिप तथा ओ.जी.टी. | १,००० प्रति व्यक्ति |
| ५६ | घुमन्ते व्यापारी ठुला | १,०००/- |
| ५७ | घुमन्ते व्यापारी साना | ५००/- |
| ५८ | सर्जमिन मुचुल्का | २००/- |
| ५९ | पशु जन्य निरोगिता प्रमाणित | ५००/- |
| ६०. | नाम संशोधन, नाम छुट तथा दुई नाम थर सिफारिस | १,००० /- |
| ६१ | आधारभुत विद्यालय खोल्ने स्वीकृति तथा थप कक्षा सिफारिस | १,५००/– |
| ६२. | निर्माण व्यवसायी घ वर्ग ईजाजतपत्र दस्तुर | ३,००० /- |

| | | |
|---|---|---|
| **६३.** | ईजाजतपत्र नविकरण दस्तुर | २५,०० /- |
| **६४.** | ईजाजतपत्र नविकरण थप दस्तुर | २०००/- |
| **६५.** | ईजाजतपत्र प्रतिलिपी दस्तुर | ५००/- |
| **६६.** | माथि उल्लेखित बाहेकका सवै किसिमका सिफारिस एवं प्रमाणितहरुमा | २००/- |
| **नोटः-**गाउँ पालिका क्षेत्र भित्रका फरक क्षमता भएका, आर्थिक अवस्था कमजोर भएका तथा प्राकृतिक प्रकोप सम्वन्धि सिफारिसहरुमा प्रकृति हेरी सिफारिस दस्तुर छुट दिईनेछ । | | |

## अनुसूचि १३

| **सि.नं.** | **करका क्षेत्र** | **दर** |
|---|---|---|
| १. | उद्यान | रु.१० प्रति व्यक्ति |
| २. | पार्क | रु.१० प्रति व्यक्ति |
| ३. | ऐतिहासिक तथा पुरातात्विक सम्पदा | रु.२० प्रति व्यक्ति |
| ४. | संग्राहालय | रु.२० प्रति व्यक्ति |